मितिः २०७७/०४/२६

# सूचना

प्रस्तुत विषयमा मिति २०७७/०४/२६ यस नगरपालिकाको नगर प्रमुखज्यूको अध्यक्षतामा बसेको **कोरोना रोकथाम तथा नियन्त्रण नगरस्तरीय समन्वय समितिको** बैठकबाट निम्नानुसार निर्णय भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. दक्षिणकाली नगरपालिका भित्रका बैंक, वित्तीय संस्था र सहकारी संस्थाहरुले दैनिक रुपमा संकलन गर्दै आएको घरदैलो बचत कारोवारलाई अर्को सूचना नहुन्जेलसम्मका लागि बचत सङ्कलन कार्य बन्द गर्न अनुरोध गर्ने ।

२. दक्षिणकाली नगरपालिका वडा नं. ५ का केही भूभागहरु (बज्रयोगिनी मन्दिर जाने बाटो देखि गणेश सरस्वती मन्दिर सम्मको क्षेत्रमा अत्यावश्यक खाद्यान्न सामग्री तथा औषधि पसलहरु बाहेक अन्य व्यवसायहरु अर्को निर्णय नभएसम्मको लागि बन्द गर्ने ।

३. दक्षिणकाली नगरपालिका (वडा नं ५,६,७), फर्पिङ बसपार्क हुँदै दक्षिणकाली गेट र सो बाटोबाट माथि कमलपोखरी, महालक्ष्मीस्थान हुँदै डिकुबहालबाट ढेबी, सरस्वती मन्दिर सम्म जाने बाटो र वरपरको क्षेत्र उच्च जोखिममा रहेको हुँदा विशेषगरी जेष्ठ नागरिक, बालबालिका, दीर्घरोगी, गर्भवती महिला तथा उच्च जोखिममा भएका व्यक्तिहरुलाई घर बाहिर ननिस्कन अनुरोध गर्ने ।

४. पोजेटिभ संक्रमितलाई कुनै पनि लक्षण, चिन्ह नदेखिएमा हाललाई आफ्नै घरमा आइसोलेसनको व्यवस्था मिलाउने । तर सम्बन्धित संक्रमित देखिएको स्थानमा Contact Tracing गर्ने र Contact Tracing को रिपोर्ट नआउन्जेल सिल गर्दा समुदायमा रोग फैलनबाट बचाउन सकिने भएकोले सो को व्यवस्था गर्ने ।

५. अति आवश्यक काम परेमा घरको एकजना सदस्य मात्र बाहिर निस्कने र मास्कको अनिवार्य प्रयोग गरी सामाजिक दूरी समेत कायम गरी आफूपनि बच्ने र अरुलाई पनि मास्क लगाउनका लागि सार्वजनिक अपिल गर्ने र कोभिड-१९ को संक्रमण रोकथाम को बारेमा प्रत्येक वडामा माइकिङ्ग समेत गर्ने ।

६. दक्षिणकाली नगरपालिका वडा नं ९ को हुमाने भञ्याङ्ग नाकाबाट प्रवेश गर्ने सवारी साधन तथा यात्रुहरुलाई अझ व्यवस्थित गर्नको लागि गृह मन्त्रालयबाट प्राप्त पास तथा अत्यावश्यक सेवाका सवारी साधन तथा सो साधनमा यात्रा गर्ने व्यक्तिको PCR परीक्षणको Negative रिपोर्ट नभएकाहरुलाई प्रवेश गर्न निषेध गर्ने ।

७. कोरोना रोकथाम तथा नियन्त्रण एवंम उपचारका लागि नगर क्षेत्र भित्रका सम्पूर्ण एम्बुलेन्स सञ्चालकहरुले एम्बुलेन्सलाई चालु हालतमा राख्न अनुरोध गर्ने ।